जयपृथ्वी नगरपालिका
विद्यालय लेखा परीक्षण कार्यविधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा को ११ (२ ) (ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार प्रयोग गरी जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि २०८० जारी गरी लागु गरिएको छ।

परिच्छेद-१

परिभाषाः

१. क) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम जयपृथ्वी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८० रहेको छ।
ख) यो कार्यविधि जयपृथ्वी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।
ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।
ख) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ संशोधन सहित सम्झनु पर्छ।
ग) नियमावली भन्नाले शिक्षा नियमावली २०५९ संशोधन सहित सम्झनु पर्छ।
घ) "कार्यविधि" भन्नाले जयपृथ्वी नगरपालिका क्षेत्र भित्रका विद्यालयहरूको लेखा परीक्षण सम्बन्धि कार्यविधि, २०८० सम्झनु पर्छ।
ङ) "नगरपालिका" भन्नाले जयपृथ्वी नगरपालिकालाई सम्झनु पर्दछ।
च) "प्रमुख" भन्नाले जयपृथ्वी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।
छ) "उपप्रमुख भन्नाले जयपृथ्वी नगरपालिकाको नगरउपप्रमुख सम्झनु पर्दछ।
ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जयपृथ्वी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।
झ) "शिक्षा शाखा" भन्नाले जयपृथ्वी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउदछ।
ञ) "शिक्षा अधिकारी" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउदछ।
ट) "लेखा परिक्षण" भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षणलाई सम्झनु पर्छ।
ठ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानुन बमोजिम प्रमाण-पत्र प्राप्त व्यक्ति/ संस्था वा फर्मलाई जनाउदछ।

## परिच्छेद-२

## लेखा परीक्षक सम्बन्धी व्यवस्था

३. जयपृथ्वी नगरपालिकाले सूचना आश्वाहन मार्फत लेखापरीक्षकको सूचि प्रकाशन गर्नेछ।

४. लेखा परीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरू:

क. लेखापरीक्षकको नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

ख. आन्तरिक राजश्व कार्यालयबाट मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

ग. नागरिकताको प्रमाणपत्र प्रतिलिपि।

घ. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागिय स्वीकृति पत्रको प्रतिलिपि।

ङ. सम्बन्धित कुनै स्थानीयतहमा व्यवसायिक दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि।

५. लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा क्रमश अनुसूचि १ र २ बमोजिम हुनेछ।

## परिच्छेद-३

## लेखा परीक्षक छनौट समिति

६. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछ।

संयोजकः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः आन्तरीक लेखा परीक्षणशाखा प्रमुख

सदस्यः प्रशासन शाखा प्रमुख

सदस्य सचिवः शिक्षा शाखा प्रमुख

७. नियम ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) आर्थिक वर्ष सुरू भएको तीन महिना भित्रलेखापरीक्षणको लागि १५ दिनको सूचना स्थानीय स्तरको पत्रिका लगाएत नगरपालिकाको वेभ साइटमा आसय पत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने।

ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एंव सूचकहरू तयार गरी प्रशासकीय अधिकृत बाट स्वीकृत गराउने।

ग) प्रकरण क बमोजिम प्राप्त आसय पत्रउपर छानविन गर्ने।

घ) लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने।

ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने।

च) सामुदायिक विद्यालयहरूको लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण गराउन सहजिकरण एंव निर्देशन दिने।

छ) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार तीन आर्थिक वर्ष भन्दा बढी नियुक्ति गर्न पाइने छैन।

ज) जयपृथ्वी नगरपालिकाले तोके बमोजिमको लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने।

झ) तोकिएको अवधि लेखापरीक्षकको नामावली प्राप्त नभएमा लेखापरीक्षक छनौट गर्न वाधा पार्ने छैन।

ञ) लेखापरीक्षक नियुक्ति लेखापरीक्षण छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति दिइनेछ।

८. विद्यालयको कर्तव्यः

क) जयपृथ्वी नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

ख) जयपृथ्वी नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा लगाएतका अन्य सेवामा रोक लगाउन सक्नेछ।

ग) विद्यालयको लेखा परीक्षण गरिसके पछि लेखापरीक्षण प्रतिवेदनको एक प्रति अनिवार्यरूपमा जयपृथ्वी नगरपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद-४
## लेखापरीक्षकको पारिश्रमिक

९. लेखापरीक्षण शुल्कः लेखापरीक्षण गरे वापतको शुल्क सम्बन्धित विद्यालयले देहाय बमोजिम दिनु पर्नेछ।

क) आय/ व्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कन र मुद्दती खाताको रकम पारिरश्रमिक लिने हिसाबमा समावेश हुने छैन।

ख) लेखा परीक्षकले प्राप्त गर्ने पारिश्रमिक दिदा विद्यालयको आय/ व्ययको सुरुको २५००००० पच्चिस लाख सम्मको रु ५००० पाँच हजार उपलब्ध गराइनेछ। त्यस पछिको प्रत्येक ५००००० पाँच लाखको रू १००० एक हजारका दरले हुन आउने रकम उपलब्ध गराउनु पर्नेछ।

ग) माथि उल्लेखित रकम भन्दा बढी रकम विद्यालयबाट लेखापरीक्षकले दावी गर्ने पाइने छैन।लेखापरीक्षकले माथि उल्लेखित रकम भन्दा बढी रकम माग गरेमा

सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरून्त जयपृथ्वी नगरपालिकामा जानकारी गराउनु पर्नेछ।

घ) जयपृथ्वी नगरपालिकाले विशेष अवस्थामा लेखापरीक्षकको नियुक्ती रद्द गर्न सक्नेछ।

## परिच्छेद-५
## आन्तरीक लेखापरीक्षण

१०. प्रत्येक वर्ष जयपृथ्वी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको आन्तरीक लेखापरीक्षण वा विद्यालयको सामाजिक परीक्षण शिक्षक अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समितिबाट अभिभावकहरूको संलग्नतामा विद्यालयले अनिवार्य गराउनु पर्नेछ।

## परिच्छेद-६
## अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

११. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सो जानकारी नगरकार्यपालिका मार्फत महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याइ सहित पठाउनु पर्नेछ। उक्त लेखा परीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

## परिच्छेद-७
## वेरूजु र सम्परीक्षण

१२. आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएको वेरूजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि जयपृथ्वी नगरपालिकामा पेश गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

१३. वेरूजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरूवा बढुवा वा अवकास भइ कार्यालय छाड्नु पर्दा निजले फछ्यौट गर्न बाँकी रहेको बेरूजु लगत तथा कारोबार सम्बन्धी कारवाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ। जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिई बेरूजु फछ्यौट गर्नु, गराउनु पर्नेछ।

## परिच्छेद-८
## विविध

१४. सामुदायिक विद्यालयको लेखापरीक्षण गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, विद्यालय लेखापरीक्षण मार्गदर्शन २०७९तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१५. विद्यालयको लेखापरीक्षण गर्दा विद्यालय लेखाङ्कन दिग्दर्शन २०७६ ले तोकिएका तथा प्रचलित ऐन, कानुन, विधि तथा प्रक्रियाको अधिनमा रहि गर्नुपर्नेछ।

# अनुसूची १

## लेखापरीक्षकले दिने निवेदनको ढाँचा

मिति:२०८०।११।२०

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
जयपृथ्वी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
चैनपुर बझाङ।

विषय:विद्यालयको लेखापरीक्षणका लागि आशय-पत्र पेश गरिएको।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको आ.व. ................ को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम आशय पत्र माग गरिएकोमा मेरो नाममा रहेको लेखापरीक्षण संस्थाबाट यस नगरपालिका अन्तर्गतका विद्यालयहरूको अन्तिम लेखापरीक्षणका लागि आशय पत्र साथ तपसिल बमोजिमका लेखापरीक्षण सँग सम्बन्धित प्रमाण-पत्रहरूको संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ।

लेखा परीक्षक

तपसिल

१ पेशागत प्रमाण-पत्रको नामाकरण सम्बन्धी प्रमाणित फोटोकपी
२ प्यान/ भ्याट दर्ताको फोटोकपी
३ चालु आ. व. भन्दा अगाडीको कर चुक्ता प्रमाण पत्र
४ नागरिकताको प्रतिलिपी
५ संस्थाको प्रोफाइल

अनुसूची – २

लेखापरीक्षक सिफारिसको ढाँचा

जयपृथ्वी नगरपालिका

चैनपुर बझाङ।

मितिः२०८०।१२

श्री......................

उपयुक्त विषयमा तपसिसल बमोजिमको विद्यालयको आ.व. २०७९।०८० देखि ..... सम्मको लेखापरीक्षण गर्न तपाइलाई यस कार्यालयको ................... को निर्णयानुसार लेखापरीक्षकमा नियुक्ति गरिएको छ। नियमानुसार लेखापरीक्षण गरी प्रतिवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ।

अन्तिम लेखापरीक्षण गर्न तोकिएको विद्यालय

| क.स. | विद्यालयको नाम र ठेगाना |
|---|---|
| १ | |
| २ | |

१. विद्यालयको लेखापरीक्षण गर्दा सरकारी अनुदान तथा विद्यालयको आन्तरीक श्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी पेश गर्नुपर्नेछ।
२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्टरूपमा खुलाउनु पर्नेछ।
३. आम्दानी र खर्च प्रचलित ऐन, नियम अनुसार भए नभएको हेर्नुपर्नेछ।
४. विद्यालयको लेखापरीक्षण कार्य गर्दा विद्यालय व्यवस्थापन समितिलाई समेत जानकारी गराइ गर्नुपर्नेछ।
५. लेखापरीक्षण प्रतिवेदन, लेखापरीक्षक नियुक्ति भएको मितिले ३० दिन भित्र पेश गरी सक्नु पर्नेछ।
६. आय/ व्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कनको रकम र मद्दती खाताको रकम समावेश हुने छैन।
७. लेखापरीक्षण गर्दा विद्यालयले कर योग्य आय भएका शिक्षकहरूको कर कट्टी गरे नगरेको, करयोग्य आय भएका शिक्षकको कर कट्टी गरे नगरेको, तलब भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सूरक्षा कर कट्टी गरे नगरेको, स्थायी शिक्षकको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सावधिक जीवन विमा वापतको रकम कट्टी गरी ती रकमहरू समयमै सम्बन्धित खातामा दाखिला गरे नगरेको विवरण समेत पेश गर्नु पर्नेछ।
८. कार्यालयबाट छात्रवृत्ति र पाठ्यपुस्तकमा निकासा भएको रकम विद्यार्थीलाई वितरण गरे नगरेको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

९. भौतिक निर्माण तर्फ विभिन्न शिर्षकमा निकासा भएको रकम सम्बन्धित शिर्षकमा खर्च भए नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

१०. तोकिएको समयमा प्रतिवेदन कार्यालयमा प्राप्त नभएमा अर्को लेखापरीक्षक पठाइ लेखापरीक्षण कार्य सम्पादन गराइनेछ।

११. लेखापरीक्षण गर्दा प्रचलित लेखापरीक्षण मापदण्डहरू, लेखापरीक्षण ऐन, २०४८ तथा नेपाल चार्टड एकाउण्टेण्टस संस्थाबाट जारी भएको विद्यालयको लेखापरीक्षण निर्देशिकालाई समेतलाई अबलम्बन गर्नु पर्नेछ।

बोधार्थः

श्री ............... विद्यालय उपयुक्त अनुसार त्यस विद्यालयको आ.व.................... सम्मको लेखापरीक्षण सम्पन्न गराइ सो को जानकारी यस कार्यालयमा समेत गराउन हुन एंव नियमानुसार कर कट्टी गरी लेखापरीक्षकको पारिश्रमिक त्यसै विद्यालयबाट भुक्तानी दिनहुन अनुरोध छ।